स्थानीय सरकार

सम्पर्क नं.०२५-५४३०३०

दुहबी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

दुहबी, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३

च.नं.-

मितिः २०८३।०१।०९

सम्पूर्ण संस्थागत विद्यालयहरु
दुहवी नगरपालिका, सुनसरी ।

**विषयः अधिकतम शुल्क तथा छात्रवृत्ती सम्बन्धमा जरुरी सूचना ।**

मिति २०८३ बैशाख ०३ गते विहीबार बसेको दुहबी नगरपालिकाको नगर शिक्षा समितिको बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०८३ मा यस नगरपालिका अन्तर्गतका संस्थागत विद्यालयहरुले विद्यार्थीबाट लिने वार्षिक तथा मासिक शुल्क दुहवी नगर प्यावसन समेतको छलफलको आधारमा गत बर्ष सरह नै यथावत् रहने गरी तपसिलबमोजिमको अधिकतम वार्षिक र मासिक शुल्क लिन स्वीकृति दिने र नियमानुसारको छात्रवृत्ति अनिवार्य वितरण गर्न समेत निर्देशन दिने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै **गरिब, अपाङ्ग, महिला, दलित र जनजाती** विद्यार्थीहरुका लागि मात्र अनिवार्य तथा निशुल्क शिक्षा ऐन तथा नियमावली अनुसार कम्तिमा १० प्रतिशतमा कम नहुने गरी शैक्षिक सत्र २०८२ मा छात्रवृत्ती प्राप्त गरेका विद्यार्थीहरुको नामावली तत्काल IEMIS मा अनिवार्य अध्यावधिक गर्न र शैक्षिक सत्र २०८३ मा समेत सोहि अनुसार प्रकृयापुरा गरी छात्रवृत्ति वितरण गरी शैक्षिक सत्र सुरु भएको २ महिना भित्र IEMIS मा अनिवार्य अध्यावधिक गर्नुहुन समेत यो सूचना जारी गरिएको छ । तोकिए भन्दा बढी शुल्क लिने तथा नियम अनुसार अनिवार्य वितरण गर्नु पर्ने छात्रवृत्ती वितरण नगर्ने विद्यालयलाई नियमअनुसारको कारबाही भै जाने व्यहोरा समेत जानकारी गराईन्छ । छात्रवृत्ती सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त परिपत्र समेत यसै साथ संलग्न गरीएको छ ।

**तपसिल**

| क्रसं | कक्षा | मासिक शुल्क अधिकतम |
|---|---|---|
| १ | नर्सरी | २००० |
| २ | एलकेजी | २२०० |
| ३ | युकेजी | २४०० |
| ४ | १ | २६०० |
| ५ | २ | २८०० |
| ६ | ३ | ३००० |
| ७ | ४ | ३२०० |
| ८ | ५ | ३४०० |
| ९ | ६ | ३६०० |
| १० | ७ | ३८०० |
| ११ | ८ | ४००० |
| १२ | ९ | ४२०० |
| १३ | १० | ४८०० |

विकास घिमिरे
प्रमुख प्रशासकीय अधिकृत (शिक्षा)

स्थानीय सरकार
सम्पर्क नं.०२५-५४३०३०
दुहबी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३
च.नं.-

**वार्षिक शुल्क**: २ महिनाको मासिक पढाइ शुल्कको रकममा नबढ्ने गरी वर्षको एक पटक मात्र लिन पाउने।
**भर्ना शुल्क**: जुन कक्षामा सुरुमा भर्ना भएको हो सो कक्षामा मात्र मासिक १ महिनाको पढाइ शुल्कमा नबढ्ने गरी लिन पाउने।
**परीक्षा शुल्क**: मासिक पढाइ शुल्कको आधा महिनाको शुल्कमा नबढ्ने गरी वर्षभरिमा वार्षिक एकमुष्ठ रुपमा वा पटक पटक गरी लिन पाउने।
**यातायात खर्च**: विद्यालयदेखि विद्यार्थीको घरसम्मको दुरी अनुसार बढीमा मासिक ७०० मा नबढ्ने गरी लिन पाउने।
**स्थानातरण शुल्क:** प्रतिविद्यार्थी कक्षा ८ देखी १० लाई बढीमा रु १०००। र कक्षा ८ भन्दा तलका विद्यार्थीलाई बढीमा रु ५००। का दरले लिन पाउने।

८२/०९/०९

विकास घिमिरे
अधिकृत आठौं (शिक्षा)

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३८४

मितिः २०८३/०१/०७
नेपाल संवत् ११४६

विषयः छात्रवृतिको सूचना अद्यावधिक गर्ने सम्बन्धमा।

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखाको प.सं. २०८२/०८३, च.नं. ४४५, मिति २०८२/१२/३० को छात्रवृतिको सूचना अद्यावधिक गर्ने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, सिंहदरवार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३४९८
दर्ता मिति:- ९२।३०

सिंहदरबार,
काठमाडौं नेपाल ।
मिति: २०८२।१२।३०
ने.स. ११४६

पत्र संख्या:- ०८२।८३
चलानी नं.:- ४४५

दर्ता ७२९७
१२।३०

**विषय: समन्वय एवं सहजिकरण सम्बन्धमा ।**

*श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*
*सिंहदरबार, काठमाडौं ।*

प्रस्तुत विषयमा अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा ३ मा उल्लेख भए अनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीलाई नि:शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने भन्ने व्यवस्था भएको र शिक्षा नियमावली, २०५९ को नियम १५१ को उपनियम २ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघटाई गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ भन्ने व्यवस्था अनुसार सम्पूर्ण विद्यालयहरुले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारण गरिएको छनौट विधिबाट छनौट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली IEMIS मा तत्काल अध्यावधिक गर्ने, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पुर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी विद्यालयहरुले सार्वजनिक गर्ने, विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयहरुलाई तत्काल अद्यावधिक गर्न लगाउने साथै विद्यालयहरुले प्रदान गरेको छात्रवृत्ति सम्बन्धित विद्यार्थीले प्राप्त गरेको/नगरेको सम्बन्धमा अनुगमन गरी छात्रवृत्ति प्रदान नगर्ने विद्यालयहरुलाई कानुन बमोजिम आवश्यक कारवाही गर्न सम्पुर्ण स्थानीय तहहरुलाई समन्वय एवं सहजिकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

बोधार्थ:
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।

श्री स्था. तह ई शाखा
१२।३०

कृष्णचन्द्र पोखेल
उपसचिव

फोन नं.:
वेबसाइट : www.moest.gov.np